नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिद्धार्थनगर, रुपन्देही

प्र.जि.अ.(नि.) ५२०३७०
फ्याक्स नं. ५२०१५८
५२०१५९
५२११५८
E-mail.daorupandehi@gmail.com,
daorupandehi@moha.gov.np

पत्र संख्या :- प्र३/०८०/०८१
च. नं. :- ८४८९

मिति:२०८०/११/३०
ने.सं.:११४४ चिल्लाथ्व, ३ बुधवार

विषय : आवश्यक कारवाही सम्बन्धमा ।

श्री देवदह नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ।

प्रस्तुत विषयमा रुपन्देही जिल्ला अदालत, सिद्धार्थनगर (तहसिल शाखा)को च.नं. १७२९८ मिति २०८०/११/२३ को सार्वजनिक रुपमा चलन चलाईदिने सम्बन्धमा विषयक पत्र प्राप्त भएकै होला । सो सम्बन्धमा पत्रमा उल्लिखित जिल्ला रुपन्देही सिक्टहन गा.वि.स. वडा नं. ४क कि.नं. १७१ को ज.वि. ३-८-१२ को जग्गामा रहेको संरचनाहरु भत्काई उक्त सार्वजनिक जग्गाको संरक्षण गरी सोको जानकारी यस कार्यालयमा समेत पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०८०/११/३०
.............................
प्रशासकीय अधिकृत

बिक्रम थापा
प्रशासकीय अधिकृत

श्री प्रमाणपत्र शाखा परिपत्र बिजुली जप्ता गरी जलाई

श्री जिल्ला अदालत सिद्धार्थनगर

सिद्धार्थनगर, भैरहवा
☎ ०७१-५२०२९९
फ्याक्स ०७१-५२०२९९

# रुपन्देही जिल्ला अदालत

Email:info . dcrupandehi@supremecourt.gov.np

## सिद्धार्थनगर

## (तहसिल शाखा)

विगो नं.०८०-१६५६

च.नं.- १६८५८
पत्र संख्या :०८०।८१

मिति : २०८०।११।२३
ने.स. ११४४ सिल्लागा,११ वुधवार

विषयः सार्वजनिक रुपमा चलन चलाईदिने सम्बन्धमा ।

श्री देवदह नगरपालिकाको कार्यालय,
रुपन्देही ।

उपरोक्त सम्बन्धमा वादी जिल्ला रुपन्देही धकधई गा.वि.स. वडा नं. २ को परिवर्तित सिक्टहन गा.वि.स. वडा नं. ४ हाल देवदह नगपालिका वडा नं. १२ मौजा ढोलबजवा वस्ने पशुपती भुज र प्रतिवादी जिल्ला रुपन्देही सिक्टहन गा.वि.स. वडा नं. ४ हाल देवदह नगपालिका वडा नं. १२ मौजा ढोलबजवा वस्ने सन्त प्रसाद कुर्मी समेत भएको प्रति जग्गामा जबरजस्ती वनाएको घर टहरा हटाई भत्काई कव्जा खिचोला मेटाई सार्वजनिक रुपमा चलन समेत चलाई सार्वजनिक प्रति जग्गा खाली गराई संरक्षण गरी पाउँ मुद्दामा यस अदालतको २०७७।१०।२९ गतेको फैसला तथा उच्च अदालत तुल्सीपुर वुटवल इजलासको मिति २०७९।०७।२८ गतेको फैसला बमोजिम जिल्ला रुपन्देही सिक्टहन गा.वि.स. वडा नं. ४क कि.नं. १७१ को ज.वि. ३-८-१२ को जग्गा सार्वजनिक कायम भै सो जग्गामा रहेको संरचनाहरु हटाई चलन चलाई पाउने ठहरी भएको फैसला वमोजिम चलन चलाई पाउँ भनी वादीले दिएको दरखास्तमा यस अदालतका तहसिलदारबाट भएको आदेश वमोजिम गर्नु हुन भनी च.नं. ६४१ मिति २०८०।०३।२५ गतेको पत्र पठाइएकोमा विपक्षी प्रतिवादीहरु चलन नछाडी पुन कव्जा गरेकोले उल्लेखित फैसला वमोजिम पुन: चलन चलाई पाउँ भनी वादीले दिएको दरखास्त इजलास समक्ष पेश हुदाँ वादीले फैसला कार्यान्वयन शाखामा दिएको दरखास्तमा फैसला वमोजिम चलन चलाउनु पर्ने जग्गा सार्वजनिक कायम हुने देखिएको हुदाँ मुलुकी देवानी संहिता, २०७४ को दफा ३०४ बमोजिम फैसला कार्यान्वयनका लागि फैसलाको प्रमाणीत प्रतिलिपी समेत साथै राखि सम्वन्धित कार्यालयमा लेखि पठाइदिनु भन्ने आदेश भएको हुदाँ यो पत्र लेख्ने काम भएको छ । अत: जिल्ला रुपन्देही सिक्टहन गा.वि.स. वडा नं. ४क कि.नं. १७१ को ज.वि. ३-८-१२ को जग्गामा रहेको संरचनाहरु भत्काई उक्त सार्वजनिक जग्गाको संरक्षण गर्नु हुन फैसलाको प्रमाणित प्रतिलिपी साथै राखि पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०८०।११।२६

तहसिलदार

तहसिलदार शा.अ.

बोधार्थ तथा कार्यार्थः
श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देही । — जिल्ला रुपन्देही सिक्टहन गा.वि.स. वडा नं. ४क कि.नं. १७१ को ज.वि. ३-८-१२ को जग्गामा रहेको संरचनाहरु भत्काई उक्त सार्वजनिक जग्गाको संरक्षण गर्नु हुन ।

द. नं. ८२७३
मिति २०८०।११।२९
जिल्ला प्रशासन कार्यालय
रुपन्देही